# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

☎ सम्पर्क: ९८५७८२४२५३
Email: sanibherimun@gmail.com


## गाउँ कार्यपालिकाको १०० औं बैठक (२०७७।०७।१२) का बैठकका निर्णयहरु

१. गाउँ शिक्षा समितिको मिति २०७७।०६।२६ गतेका बैठकका देहायबमोजिमका निर्णयहरु अनुमोदन गर्ने ।

(क) गाउँ शिक्षा समितिको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयनको समिक्षा गरियो।

(ख) विद्यालयमा पठनपाठनको अवस्था बारे समीक्षा गरियो। साथै कुनै विद्यालय सेवा क्षेत्रमा कोभिड- १९ को संक्रमण देखिएमा विद्यालय व्यवस्थापन समिति को सिफारीसमा वडा शिक्षा समितिले आवश्यक निर्णय गर्न सक्ने व्यवस्था मिलाउने।

(ग) विद्यालय शिक्षा सम्बन्धी आकस्मिक कार्ययोजना,२०७७ लाई कार्यान्वयन गर्ने

(घ) चालु शैक्षिक सत्रमा तपशिल बमोजिमका विद्यालयहरुलाई कक्षा ९ सञ्चालनको अनुमति प्रदान गर्ने

तपशिलः

(क) श्री शिव आवि सानीभेरी गाउँपालिका-११,काफलबोट, रुकुम(पश्चिम)

(ख) श्री जनकल्याण आवि सानीभेरी गाउँपालिका-११, बागखोर, रुकुम(पश्चिम)

(ङ) चालु शैक्षिक सत्रमा तपशिल बमोजिमका विद्यालयहरुलाई कक्षा ११ सञ्चालनको अनुमति प्रदान गर्ने

तपशिलः

(ग) श्री बालज्योति मावि सानीभेरी गाउँपालिका-२,गिठाकोट, रुकुम(पश्चिम)

(घ) श्री शीतल मावि सानीभेरी गाउँपालिका-१, पकैया, रुकुम(पश्चिम)

(ङ) श्री भेरी दोभान मावि सानीभेरी गाउँपालिका-१ चाइनाबगर, रुकुम(पश्चिम)

(च) चालु शैक्षिक सत्रमा तपशिल बमोजिमका विद्यालयहरुलाई कक्षा ११ मा देहायबमोजिमका विषयहरुको पठनपाठन सञ्चालनको अनुमति प्रदान गर्ने

(क) श्री रासी ज्ञानोदय मावि सिम्लीमा पशु तर्फक विषयहरु

(ख) श्री भेरी दोभान मावि चाइनाबगर कृषि र शिक्षा तर्फका विषयहरु

(ग) श्री सुर्योदय मावि बेलटापु शिक्षा तर्फका विषयहरु

(घ) श्री बालज्योति मावि गिठाकोट शिक्षा तर्फका विषयहरु

(ङ) श्री शीतल मावि पकैया शिक्षा तर्फका विषयहरु

२. गाउँपालिका स्तरमा सामुदायिक भवन निर्माणको लागि सडक योजना संसोधन गरी रु ५० लाख विनियोजन गर्ने ।

३. सानीभेरी बृहत खानेपानी योजनाको लागि तलि मेलचौर खोला मेलचौर लिफ्ट खानेपानी योजना छनौट गर्ने ।

४. काल्चेपानी खाली डाँराचौर ज्यामिरे लिफ्ट खानेपानी योजना DPR गर्ने ।

५. पशु र कृषि सेवा केन्द्रले पेश गरेका कार्यक्रम स्वीकृत गर्ने ।

६. कृषि विकास क्षेत्र कार्यक्रमका लागि तपशिल बमोजिमका सडकहरु छनौट गर्ने ।

a. चाखिलमेला राम्री बाधापनी टुरा गाउँबारी कृषि सडक निर्माण ।

b. सहरे ज्यूला चन्द्रोदय आवि पोखरी डाँडा भेरीदह लिगा हुसुखोला कृषि सडक निर्माण ।

७. प्रदेश साझेदारीमा एक स्थानीय तह एक खेलमैदान योजनाको लागि वडा नं ३ स्थित वेलटापुलाई छनौट गर्ने ।

भूपाल सिं बिष्ट
प्रमुख प्रशासकीय अधिकृत

# सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)
कर्णाली प्रदेश, नेपाल

☎ सम्पर्कः ९८५७८२४२५३
Email: sanibherimun@gmail.com

८. भारत लगायत तेस्रो मुलुकबाट आएका व्यक्तीहरु र नेपाल सरकारले निशुल्क PCR गर्नुपर्ने भनेर तोकिएका व्यक्तीहरुको PCR परीक्षण निशुल्क गर्ने ।

९. तिहारमा गाउँपालिकाभर देउसी भैलो खेल्न पूर्णतया प्रतिबन्ध लगाउने साथै गाउँपालिकाभरमा कुनै पनि किसिमका मेला जात्रा लगाउन र आयोजना गर्न पूर्ण रुपमा प्रतिबन्ध लगाउने ।

१०. प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि तपशिल बमोजिमका योजनाहरु छनौट गर्ने ।

अ. जनप्रिय आवि भण्डारबन फिल्ड निर्माण ।

आ. जुगेखोली घर्तीगाउँ स्यागिने कृषि सडक निर्माण ।

इ. तुसारे चौखे पिरेतरा ज्यामिरे खाली घोरेटो बाटो निर्माण ।

ई. वडा स्वास्थ्य कार्यालय जाने बाटो र फिल्ड निर्माण वडा नं ४ ।

उ. हाँसु कोटखाली खेलकुद फिल्ड र घापागार खोप केन्द्रको भवन फिल्ड निर्माण ।

ऊ. वडा कार्यालय भवनको फिल्ड निर्माण वडा नं ६

ऋ. चन्द्रोदय आवि सहरेको फिल्ड निर्माण ।

ऌ. टाकुरा कालिका डलसिंगे सडक मर्मत तथा स्तरवृद्धि ।

ऍ. शिव आवि मगररांजा फिल्ड र तङ सालडाँडा खारखोला घोरेटोबाटो निर्माण ।

ऎ. माथी अर्माडाँडा भेरी पल्लोडाँडा सडक निर्माण र मौवारुख आर्यघाट जानेबाटो निर्माण ।

ए. कोलडाँडा पेदी आरुबोट चिसापानी काफलबोट र जुम्लेपोखरी उदिनढुंगा स्यालिबोट घोरेटोबाटो निर्माण ।

११. गाउँपालिका अन्तर्गतका सबै घरहरुको अभिलेखको लागि तपशि बमोजिमको ढाँचामा घर नम्बरिङ गर्ने ।

- वडा नं १ को लागि ०१-००१, ०१-००२,............
- वडा नं २ को लागि ०२-००१,०२- ००२....... अनुसार सबै वडामा ।

१२. कोभिड -१९ का कारण स्थगित भएको कक्षा १२ को परीक्षा संचालनको लागि विद्यालयहरुलाई आवश्यक सहजिकरण र सहयोग गर्ने ।

१३. गाउँपालिका अस्पतालको १५ शैयाको भवन निर्माण गर्ने ।

भूपाल सिं विष्ट
नि.प्रमुख प्रशासकीय अधिकृत